नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सूचना तथा प्रविधि शाखा)

पत्र संख्या : ०७७/०७८
चलानी नं. : ५२१

मिति : २०७७।६।२३

विषयः सामाजिक सुरक्षा भत्ता सम्वन्धमा ।

श्री स्थानीय तहहरु — ७५३ (सवै)

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं. ४ को प.सं. ४ स्थानीय ०७७।७८ च.नं. ६४२१ मिति २०७७।६।१८ को पत्र यसै साथ संलग्न रहेको छ । उक्त पत्रानुसार सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ मा निवृत्तभरण पाईरहेका तथा नियमित रुपमा पारिश्रमिक पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था रहेको तर कतिपय स्थानीय तहमा राज्यवाट अन्य सुविधा पाईरहेका व्यक्तिले दोहोरो पर्ने गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरेको देखिंदा यस्तो प्रवृत्तिलाई रोक्नका लागि सवै स्थानीय तहले तत्काल छानविन गरी दोहोरो सुविधा लिएको भए त्यस्तो रकम यकिन गरी सरकारी बाँकी सरह असूल उपर गर्न र भविष्यमा यस किसिमको कमजोरी दोहोरिन नदिन आवश्यक पद्धतिको निर्माण गरी पूर्व शतर्कता अपनाउन तत्काल आवश्यक व्यवस्था मिलाउनु हुन आयोगको मिति २०७७।६।१६ मा निर्णय भएकोले उक्त निर्णय कार्यान्वयन गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

शेखर निधि पौड्याल
शाखा अधिकृत

वोधार्थः
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
अनुसन्धान महाशाखा नं. ४
श्री गृह मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

फोन नं. : (+९७७)-(१)-४२००३०६
इमेलः it.section@mofaga.gov.np, mofagamails@gmail.com **बेवसाईटः** www.mofaga.gov.np
"सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

(अनुसन्धान महाशाखा नं.४)


visit nepal 2020 Lifetime Experiences

अत्यन्त जरुरी/गोप्य

पत्र संख्या :- ४ स्थानीय २०७७।७८

चलानी नं. :- ८४२१

मितिः २०७७।६।१८

विषयः सामाजिक सुरक्षा भत्ता सम्बन्धमा ।

श्री गृह मन्त्रालय,

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

उपरोक्त सम्बन्धमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १५ मा निवृत्तभरण पाईरहेका तथा नियमित रुपमा पारिश्रमिक पाईरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था रहेको तर व्यवहारमा कतिपय स्थानीय तहमा राज्यबाट अन्य सुविधा पाईरहेका व्यक्तिले दोहोरो पर्ने गरी सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरेको देखिँदा यस्तो प्रवृतिलाई रोक्नका लागि सबै स्थानीय तहले तत्काल छानविन गरी दोहोरो सुविधा लिएको भए त्यस्तो रकम यकिन गरी सरकारी बाँकी सरह असूल उपर गर्न र भविष्यमा यस किसिमको कमजोरी दोहोरिन नदिन आवश्यक पद्धतिको निर्माण गरी पूर्व शतर्कता अपनाउन तत्काल आवश्यक व्यवस्था मिलाउनु हुन आयोगको मिति २०७७।६।१६ को निर्णयानुसार अनुरोध छ ।

(धर्मराज लामा)

लेखा अधिकृत

सूचना तथा प्रविधि शाखा

दर्ता नं. ९३४

मिति ०७७/६/२३


फोनः ५२६२१८०, ५२६२२४७, टोलफ्रि नं. : १६६०-०१-२२२३३, फ्याक्स : ५२६२१२८, ५२६२१०४, E-mail : akhtiyar@ntc.net.np